बैठक संख्या : ७७
मिति :- २०७७/०५/२५ गते (बिहिवार)
समय :- दिउसो १ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री बिशकसेन ढकाल | सदस्य- सचिव |
| श्री [illegible] | नगर शिक्षा अधिकारी |

**निर्णय नं. १:-** मिति २०७६ चैत्र २२ गते को सम्झौता अनुसार मिति २०७६।१२।२३ देखि २०७७।४।१३ गते सम्म जिल्ला भु-संरक्षण कार्यालयमा रहेको क्वारेन्टाईन मा वसेका व्यक्तिहरुलाई खाना, खाजा खुवाए वापत सिताराम पार्टी प्यालेस एण्ड रिसोर्ट प्रा.ली.क.न.पा.-६ सिन्धुलीलाई रु..६,१३,५९०।- प्रकोप व्यावस्थापन/कोरना रोकथाम कोष वाट खर्च गर्ने र यो भुक्तानी भए पश्चात प्रतिस्पर्धाको माध्यमवाट पाच दिनको सूचना प्रकाशन गरि क्वारेन्टाईनमा वेसका व्यक्तिहरुलाई खाना ,खाजा को व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** २ :- पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी निर्देशिका ,२०७७ को परिच्छेद ५ को वुदा नं. ९ अनुसार ३५ प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी साझेदारी कर्यक्रम अन्तरगत सिन्धुली गढिमा समाधी पार्क निर्माणको लागि अनुसूचि - १ अनुसार आयोजना प्रस्ताव फाराम भरी रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३:- कोभिड -१९ का कारणले गर्दा नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरु संचालन हुन नसकि मिति २०७७ आषाढ १५ गते देखि संचालन भएको ६ देखि १० कक्षा सम्मको लागि रेडियो पाठ प्रशारण निरन्तरका लागि सामुदायिक विद्यालयलाई रु.२,५०,०००।- र संस्थागत विद्यालय लाई रु.१,००,०००।- प्रकोप व्यवस्थापन कोष वाट उपलब्ध गराउने ।

**निर्णय नं.** ४ :- २०७७ असोज १ गते वाट नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुका सवै शिक्षकहरु अनिवार्य रुपमा हाजिर हुन व्यवस्था मिलाउन शिक्षा यूवा तथा खेलकुद शाखालाई सम्वन्धीत विद्यालयहरुलाई पत्राचार गर्नको लागि निर्देशन दिने ।

**निर्णय नं.** ५ :- कोभिड -१९ का कारणले गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका २ देखि ५ सम्मका सामुदायिक विद्यालयरुका विद्यार्थीहरुको स्व-अध्ययनका लागि स्व अध्ययन सामाग्री र अभ्यास पुस्तिका व्यवास्थापनका लागि रु.४,५०,०००।- प्रकोप व्यवास्थापन / कोरना रोकथाम कोष वाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ६ :- कमलामाई नगरपालिका वडा नं. ६ अन्तरगत निर्माणधिन क्वारन्टाईन भवन निर्माणको लागि उपलब्ध गराईएको रु.३,००,०००।-- सहयोग अनुमोदन गर्ने ।

**निर्णय नं.** ७ :- नगर सि.टि भवन निर्माण गर्ने को लागि नेपाल स्काउट ,जिल्ला स्काउट कार्यालय सिन्धुली चर्चे को जमिन र भवन समेत आवश्यक पर्ने भएको हुँदा उक्त चर्चेको जग्ग र भवन भत्काई नगर सिटि भवन निर्माणको लागि जिल्ला स्काउट कार्यालय ,सिन्धुली र कमलामाई नगरपालिका विच द्विपक्षयी सम्झौता गरी जिल्ला स्काउटलाई एउटा सटर उपलब्ध गराउने गरी व्यवास्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ८ :- मिति २०७७ आषाढ २१ गते वसेको सातौ नगर सभाको निर्णय नं. १ मा भएको व्यापार, व्यवसाय गर्नेको लागि श्रावण मसान्त सम्म छुट दिने भनि निर्णय भए अनुसार २०७७ असोज मसान्त सम्म म्याद थप गरी सो अवधि भित्र शुल्क वुझाउन ल्याएमा सातौ नगर सभावाट भएको निर्णय अनुसार निर्णय कार्यान्वयन गर्ने र आगामि नगर सभावाट अनुमोदन गर्ने ।

**निर्णय नं.** ९ :- कमलामाई नगरपालिका क्षेत्र भित्र मरेका ,मारिएका पशु पन्छिहरु र मृतक वेवारिसे लासको दाह संस्कारण गर्ने को लागि स्थान व्यवास्थपन को लागि सामाजिक विकास शाखावाट ठाउँ पहिचान गरी पेश गर्नको लागि निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.** १० :- यातयात सेवालाई सर्वसुलभ , पहुचयोग्य ,सुरक्षित , व्यवस्थित र वातावरणमैत्री वनाउन सार्वजनिक-निजी-साझेदारीका माध्यमवाट विद्युतीय सावरी साधन चार्जिङ्ग स्टेशन निर्माण को लागि कमलामाई नगरपालिका वडा नं. ९ वस पार्कमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ११ :- निम्न अनुसार प्राप्त निवेदन अनुसार उपचार सहयोगको लागि आर्थिक सहायता उपलब्ध गराउने ।

| | |
|---|---|
| क) प्रेम कुमारी देवकोटा - ४ | रु.२५०००।- |
| ख) चन्डिका गौतम - ४ | रु.२५०००।- |
| ग) दिया विश्वकर्मा - १ | रु.२५०००।- |
| घ) रेशम माया कामी - ११ | रु.१००००।- |
| ङ) सन्जय कुमार वर्मा शाखा - ४ | रु.२५०००।- |

**निर्णय नं.** १२ :- कमलामाई नगरपालिका वडा नं. ९ मा निर्वाचित वडा सदस्य श्री तिल कुमारी माझिलाई उपचार सहयोगार्थ रुं १०००००।- (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** १३ :- निम्न अनुसारका 'घ' वर्गको व्यवसाय ईजाजत प्रमाण पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

क) श्री एन. ई. कन्ष्ट्रक्शन प्रा.लि. क.न.पा.- ५
ख) श्री सिन्धुलीगढी सप्लायर्स एण्ड कन्ष्ट्रक्शन प्रा.ली. क.न.पा -.३
ग) श्री ईन्द्र ग्रुप अफ कम्पनी प्रा.ली क.न.पा.- ६

**निर्णय नं.** १४ :- कमलामाई नगरपालिका भित्र २०००(दुई हजार) लिटर चिलिम भ्याट दुध चिस्यान केन्द्र को लागि रु. दश लाख सहकारी मार्फत खरिद को लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** १५ :- कोभिड -१९ को सहयोग स्वरुप जनप्रतिनिधी हरुवाट उपलब्ध गराईएको सहयोग रु.१००००।- क.न.पा.९ का वडा अध्यक्ष रामहरि ढुङ्गेल वाट दोहोरा रकम कट्टा भएको हुँदा उक्त रु. दश हजार फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं.** १६ :- नेपाल सरकारवाट प्राप्त सर्शत अनुदान कार्यक्रममा केहि योजनाहरुको वडा हरु फरक भएको हुदा नगरसभा वाट अनुमोदन गर्ने शंसोधन गर्ने निर्णय गरियो ।

| सि.न. | प्राप्त योजनाको नाम | शंसोधन योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | रत्नमाला मन्दिर पर्यटन पूर्वाधार क.न.पा. २ | रक्तमाला मन्दिर पर्यटन पूर्वाधार क.न.पा. ३ | |
| २ | रामेश्वर धाम पर्यटन पूर्वाधार क.न.पा. १० | रामेश्वर धाम पर्यटन पूर्वाधार क.न.पा. ६ | |

**निर्णय नं.** १७ :- प्रदेश सरकारवाट स्वीकृत सर्शत अनुदान तर्फका कार्यक्रमहरु ठेक्का प्रकृया मार्फत संचालन गर्ने साथै देहाय बमोजिम संशोधन गरी  र उक्त योजनाहरु नगरसभाबाट अनुमोदन गर्ने ।

| सि.न. | प्राप्त योजनाको नाम | शंसोधन योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १. | धाप्सार धुसेनी ठुलडाँडा माईशिर सडक स्तरोन्नति, वडा नं. १२ | धाप्सार धुसेनी ठुलडाँडा माईशिर सडक स्तरोन्नती, वडा नं. ८ | |
| २ | राधाकृष्ण मन्दिर जिर्णोद्वार वडा नं. ९, कोरङ्खोला | राधाकृष्ण मन्दिर पूर्वाधार विकास वडा नं. ९, भिमान | |

**निर्णय नं.** १८ :-  कमलामाई नगरपालिका वडा नं.६ निवासी दुर्गा दवी श्रेष्ठले घर वहाल कर छुट सम्बन्धी दिएको निवेदन अनुसार रु ३,६०,०००।- मध्ये  २०७७ आषाढ मसान्त सम्म रु.२,८८,०००।- छुट गर्ने निर्णय गरियो ।